कोन्ज्योसोम गाउँपालिका

Konjyosom Rural Municipality

༄༅།། གོན་རྗོ་སོམ་གྲོང་སྡུམ་ཚོགས།

# गाउँ कार्यपालिकाको कार्यालय

Office of Rural Municipal Executive

चौघरे, ललितपुर

Chaughare, Lalitpur

बागमती प्रदेश, नेपाल।

Bagmati Province,Nepal

पत्र संख्या /Ref.No:-२०८०/८१

चलानी नं./Dispatch No:-

मिति:२०८०/११/२१

बिषय:आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम सम्बन्धि सूचना ।

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश सरकारको आ.व २०८०/०८१ को स्वीकृत "आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम" अन्तर्गत आमाबाबु दुवैको मृत्यु भएको १८ वर्ष उमेर पुरा नगरेका बालवालिकाहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने उद्देश्यले मासिक रुपमा भत्ता उपलब्ध गराईने भएकोले यस कार्यकम वमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिका वा निजको संरक्षक, माथवर, वा स्याहार सुसार गर्ने व्यक्तिले तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र वडा कार्यालय मार्फत आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्वन्धित सबैमा जानकारी गराईन्छ ।

आवेदनको साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः

१. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी वा नागरिकता भएमा नागरिकताको प्रतिलिपी ।

२. आमा र वावु दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी ।

३. विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र ।
(५वर्ष उमेर पुगेको बालबालिकाको हकमा मात्र)

४. संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

५. निज बालबालिकाको संरक्षक हो भनि प्रमाणित गरेको सिफारिस पत्र ।

युवराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत

युवराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री सबै वडा कार्यालय :- सूचना टाँस तथा आवश्यक सहजीकरण गर्नुहुन ।